२००/- अनुदान प्रदान गरिनेछ । यसरी अनुदान वितरण गर्दा स्थानीय सहकारी वा समूहमार्फत विक्री गर्ने र सम्बन्धित वडा र सहकारी वा समूहको सिफारिसका आधारमा गरिनेछ ।

(ख) अण्डामा अनुदान- व्यक्तिगत, व्यावसायिक वा सहकारीमा आवद्ध भएर बार्षिक कम्तीमा स्थानीय जातको कुखुराका २००० वा सो भन्दा बढी अण्डा विक्री गरेमा प्रति गोटा रू.२ का दरले अनुदान उपलब्ध गराईने छ । यसरी अनुदान वितरण गर्दा स्थानीय सहकारी वा समूहमार्फत विक्री गर्ने र सम्बन्धित वडा र सहकारी वा समुहको सिफारिसका आधारमा गरिनेछ ।

(ग) जर्सी गाई तथा दूधमा अनुदान - अधिकतम रू. ८० हजार मूल्य कायम गरी उन्नत जातको जर्सी गाई खरिद गर्ने कृषकलाई खरिद रकमको २५ प्रतिशत अनुदान प्रदान गरिनेछ । साथै प्रति दिन प्रति कृषक ५ लिटर वा सो भनदा बढी दूध सहकारीमार्फत बिक्रि गर्ने कृषकलाई प्रति लिटर रू. ५ अनुदान दिईनेछ ।

(ग) निशुल्क डाले घाँस तथा घाँसको बीउ वितरण- नगरपालिका र वडाहरूमा विनियोजन भएको पशु तर्फको रकमबाट वास्तविक किसानहरू पहिचान गरी डाले घाँस तथा अन्य घाँसको बेर्ना तथा बीउ वितरण गरिनेछ ।

(घ) प्रजनन बोका वितरण- नगरपालिकाको पशु शाखा वा सहकारी शाखाबाट पशुपालक कृषि समूहमा दर्ता भएका कृषक समूहहरूलाई प्रजननका लागि बोयर बोका अनुदानमा वितरण गरिनेछ ।

(ङ) खोर, टाटनो निर्माणमा अनुदान तथा प्राविधिक सहायता- नगर क्षेत्रभित्र कम्तीमा १५ वटा वा सो भन्दा बढी बाख्रा पालन गर्ने कृषकहरूलाई खोर र टाटनो निर्माण गर्न जम्मा २० हजारको पचास प्रतिशत अनुदान प्रदान गर्ने साथै गोठ सुधारको लागि कम्तीमा २ वटा दुधालु गाई वा भैंसी पालन गरेका कृषकहरूलाई जम्मा ३० हजारको ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

(च) तालिम,औषधी तथा खोपको व्यवस्था- नगरक्षेत्रका पशुपालक कृषकलाई पशुपालन सम्बन्धी नवीनतम ज्ञान र सीप प्रदान गर्न तालिमहरू सञ्चालन गरिनेछ । नगरक्षेत्रभित्र पशुहरूमा लाग्ने संक्रामक तथा अन्य रोगहरूको उपचारको लागि नगरपालिका तथा वडाहरूले आफ्नो विनियोजित रकमको सीमामा रही निशुल्क औषधी तथा खोप वितरण गरिनेछ ।

## परिच्छेद- ४
## गाई भैंसी सम्बन्धी व्यवस्था

(क) गाई भैंसीको पशु विमा गर्ने कार्यलाई नगर भरि अभियानका रूपमा सञ्चालन गरिनेछ । कम्तीमा ५ वा सो भन्दा बढी दुहुना गाई भैंसी पालन गर्ने कृषकहरूलाई पशु बिमा निशुल्क गरिनेछ । यसरी प्राप्त हुने अनुदानका लागि बिमा गरेको कागजको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

(ख) प्रजननको लागि उन्नत राँगो तथा बहर पालक कृषकलाई आर्थिक बर्षको एकपटकमात्र रू. ५ हजार प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद- ५
## मासु र अण्डा अनुदान सम्बन्धी व्यवस्था

(क) मासु र अण्डा अनुदान प्रयोजनका लागि प्रत्येक वडामा कम्तीमा एउटा कृषि तथा पशुपालक सहकारी संस्था वा समुह गठन गरिनेछ ।

(ख) यस्तो सहकारी वा समूहले खसी बोकाको जिउँदो तौल लिने र अण्डा गन्ती गरी अनुसुची २ बमोजम रेकर्ड राख्नुपर्नेछ ।

